# नेपाली महावाणिज्यदूतावास
# सान फ्रान्सिस्को
# Consulate General of Nepal
# San Francisco

**नयाँ राहदानी बुझिलिने सम्बन्धी सूचना ।**

विभिन्न मितिमा यस महावाणिज्यदूतावासमार्फत् राहदानीका लागि आवेदन गर्नुभएका यसैसाथ संलग्न सूचीबमोजिमका ३५७ जना आवेदकहरूको राहदानी तयारी भई महावाणिज्यदूतावासमा प्राप्त भएको जानकारी गराइन्छ । यस सूचीमा नाम नभएका आवेदकहरूको राहदानी काठमाडौंमा छपाई कै क्रममा रहेको हुंदा अर्को सूचीको प्रतिक्षा गर्न अनुरोध गरिन्छ ।

**महावाणिज्यदूतावासमा फिर्ती खाम (Return Envelope) बुझाई सक्नु भएका आवेदकहरूको राहदानी अब १-२ दिनभित्रै सम्बन्धित व्यक्तिको ठेगानामा हुलाकमार्फत् पठाइनेछ ।**

अन्य आवेदकहरूले महावाणिज्यदूतावासमा स्वयं उपस्थित भएर वा आफ्नो नाम/ठेगानाको फिर्ती खाम (Return Envelope) हुलाकमार्फत् पठाएर राहदानी बुझिलिन सक्नुहुनेछ ।

राहदानी बुझिलिनको लागि स्वयं उपस्थित हुन नसक्ने आवेदकहरूले आफ्नो पूरा नाम र ठेगाना खुलाई फिर्ती खाम (Return Envelope) यस महावाणिज्यदूतावासमा पठाउन सक्नुहुनेछ। **फिर्ती खाम पठाउँदा आफ्नो पुरानो राहदानी र राजस्व तिरेको रसिदको सक्कल** नै खाममा राखेर पठाउनु होला । **हराएको राहदानी नविकरणको लागि आवेदन गरेको भए राजस्व तिरेको सक्कल रसिद** मात्र खाममा राखेर पठाउनु होला ।

राहदानी बुझिलिनको लागि आवेदक स्वयं वा मञ्जुरीनामा प्राप्त व्यक्ति महावाणिज्यदूतावासमा आउँदा **पुरानो राहदानी र राजस्व तिरेको सक्कल रसिद साथमा लिएर आउनु पर्नेछ** । हराएको राहदानीको सट्टामा नयाँ राहदानी आवेदन दिएकाहरूको हकमा राजस्व तिरेको सक्कल रसिद साथमा लिएर आउनुपर्नेछ ।

पुनश्चः **यसअघि नै तयार भएर आएका राहदानी बुझिलिन बाँकी रहेका आवेदकहरूले यथाशीघ्र यस महावाणिज्यदूतावासमा सम्पर्क गरी आफ्नो राहदानी बुझिलिनु हुन समेत अनुरोध गरिन्छ ।**

नेपाली महावाणिज्यदूतावास
सान फ्रान्सिस्को ।
मिति २०८२/०९/०१

Adress: 505 Beach St, Suite 130, San Francisco, CA 94133; Email: contact@nepalconsulatesf.org, Ph: +1 323 480 8292
Website: https://sf.nepalconsulate.gov.np/